# अख्तियार दुरुपयोग अनुसन्धान आयोग
# टंगाल, काठमाडौं

मिति: २०८०।०८।०५ गते।

## प्रेस विज्ञप्ति

**विषयः** अख्तियार दुरुपयोग अनुसन्धान आयोगबाट विशेष अदालत काठमाडौंमा दायर भएका मुद्दाहरुमा विशेष अदालतबाट भएको फैसलाउपर आयोगलाई चित्त नबुझी सर्वोच्च अदालतमा पुनरावेदन गरिएको मुद्दा।

अख्तियार दुरुपयोग अनुसन्धान आयोगबाट विशेष अदालत, काठमाडौंमा दायर भएका मुद्दाहरुमा विशेष अदालतबाट बिभिन्न मितिमा फैसला भएका मध्ये गैरकानूनी सम्पत्ति आर्जन गरी भ्रष्टाचार गरेको सम्बन्धी मुद्दामा आयोगको निर्णय अनुसार मिति २०८०।०८।०४ गते सर्वोच्च अदालतमा पुनरावेदन गरिएको बिबरण देहायानुसार रहेको छ।

प्रवक्ता
भोला दाहाल

देहायः

| सि.नं. | प्रतिवादीहरु | मुद्दा | आयोगको मागदावी | विशेष अदालतको फैसला र आधार | आयोगबाट सम्मानित सर्वोच्च अदालतमा पुनरावेदन गरिएका आधारहरु |
|---|---|---|---|---|---|
| १ | राजेन्द्र ढुंगाना र मधु कोईराला (ढुंगाना) (विशेष अदालतको मुद्दा नं. ०७६-CR-०२१९ र फैसला मिति २०८०/०१/०८) | गैरकानुनी रुपमा सम्पत्ति आर्जन गरी भ्रष्टाचार गरेको। | प्रस्तुत मुद्दामा मिसिल संलग्न आधार कारण र प्रमाणहरुबाट प्रतिवादी राजेन्द्र ढुंगानाले निज सार्वजनिक सेवा प्रवेश गरेको मिति २०४९/०४/१९ देखि मिति २०७६/०६/३० सम्मको अवधिलाई जाँच अवधि कायम गरी मिति २०४९/०४/१९ देखि मिति २०७५/०३/३२ सम्मको जाँच अवधिमा आय आर्जन गरेको रकम **रु. ७९,५४,७९५।०८ (अक्षरुपी उनासी लाख चौवन्न हजार सात सय पन्चान्नब्बे रुपैयाँ र आठ पैसा)** को तुलनामा विभिन्न शीर्षकहरुमा गरिएका खर्च तथा लगानी **रु. ५,४८,०३,३५१।५३ (अक्षरुपी पाँच करोड अठ्चालीस लाख तीन हजार तीन सय एकाउन्न रुपैयाँ र त्रिपन्न पैसा)** देखिँदा निजको आय भन्दा बढी खर्च तथा | **फैसलाः**<br>वादी दावी नपुग्ने।<br>**विशेष अदालतले फैसला गर्दा लिएका आधारः**<br>**आयतर्फः**<br>**(क) गणक पारिश्रमिक बचतः**<br>यस शीर्षकमा जाँच अवधिमा आयोगबाट निज प्रतिवादीले गृह मन्त्रालय अन्तर्गत UNHCR को भुटानी शरणार्थी परिचय पत्र वितरण कार्यमा गणकको रुपमा मिति २०४९/०४/१९ देखि मिति २०४९/०६/३० सम्म काम गरी आर्जन गरेको रु. २,५७०।४० लाई प्रतिवादीको आयमा गणना गरिएकोमा UNHCR को परियोजनामा गृह मन्त्रालयको समन्वयनमा कार्य भएको तर खर्च नभएको हुँदा सार्वजनिक सेवा भित्र नपर्ने भनी प्रतिवादीले जिकिर लिएको। यस सम्बन्धमा, सम्मानित विशेष अदालतको आदेश बमोजिम प्राप्त गृह मन्त्रालयको च.नं. ५६० मिति २०७७/१०/२९ को पत्रबाट तत्कालीन UNHCR को संयुक्त टोलीद्वारा नियुक्त गरिएको प्रतिवादिको अभिलेख नभएको र उक्त निकाय सरकारको स्वामित्व र नियन्त्रणको नभएकोले सो आय गणना गर्नु नपर्ने भनी प्रतिवादीले नै लिएको जिकिर समेतबाट निजले गणकको रुपमा गरेको आर्जनलाई आयमा गणना गर्नुपर्ने नदेखिएको।<br>**(ख) गोरखकाली रबर उद्योग लि.को पारिश्रमिक बचतः**<br>यस शीर्षकमा जाँच अवधिमा आयोगबाट प्रतिवादी राजेन्द्र ढुंगानाले गोरखकाली रबर उद्योग लि.मा मिति २०४९/०७/०१ देखि मिति २०५९/१०/२० सम्म शुरुमा आस्थायी कर्मचारीको रुपमा र पछि स्थायी कर्मचारीको रुपमा कार्य गरी जम्मा रु. ५,५९,८३४।— आय आर्जन गरेको र त्यसबाट ३०% जीवन निर्वाह खर्च कटाई बाँकी हुने रु. ३,८९,३१३।२० रकमलाई प्रतिवादीको आयमा गणना गरिएकोमा प्रतिवादीले उक्त कार्यालयमा काम गर्दा आर्जन भएको रकम त्यति मात्र होइन भनी जिकिर लिएको। यस सम्बन्धमा, सम्मानित विशेष अदालतको आदेश बमोजिम प्राप्त गोरखकाली रबर उद्योग लि.को च.नं. ४ मिति | **प्रस्तुत मुद्दामा वादी र प्रतिवादीको अन्यथा जिकिर नभएका तथा मुख मिलेका आय/व्ययतर्फका शीर्षकहरु बाहेक, सम्मानित विशेष अदालतबाट देहाय बमोजिमका आय र व्ययतर्फका शीर्षकहरुमा आयोगले मूल्याङ्कन गरी कायम गरेको रकमलाई मान्यता नदिई अन्यथा तथा फरक अंक रकम कायम गरी भएको फैसला देहाय बमोजिमका कानुनी आधार र प्रमाणहरुबाट सो हदसम्म त्रुटिपूर्ण रहेको।**<br>**आयतर्फः**<br>**(क) जग्गा बिक्रीः**<br>**(अ)** प्रस्तुत मुद्दामा प्रतिवादी राजेन्द्र ढुंगानाको सम्पत्तिको जाँच अवधि आय र व्ययको आधारमा आय/व्यय प्रवाह विवरण तयार गर्ने क्रममा निज प्रतिवादीको आय भएको रकम भन्दा व्यय भएको रकम बढी भएकोमा र निजले उक्त रकमको स्रोत समेत पुष्टि गर्न नसकेकोमा सोही बिन्दुसम्म एक जाँच अवधि कायम गर्दा आरोपपत्रको तालिका (क) र तालिका (ख) गरी नगद प्रवाह विभिन्न ९ खण्डमा वर्गीकरण गरी ९ वटा जाँच अवधि कायम गरिएको हो[1] र उक्त जाँच अवधिको अन्य कुनै मापदण्ड रहेको अवस्था छैन। यसरी, आय भएको रकम भन्दा व्यय भएको रकम बढी भएको र त्यस्तो बढी हुन गएको रकमको स्रोत पुष्टि हुन नसकेको अवस्थामा जाँच अवधि कायम हुने हो। प्रस्तुत मुद्दामा आरोपपत्रको पृष्ठ १८ देखि पृष्ठ ३७ सम्म ९ वटा खण्डमा वर्गीकरण गरी ९ वटा जाँच अवधि कायम गरी प्रतिवादी राजेन्द्र ढुंगानाको वैद्य आय तथा आर्जन, व्यय/खर्च तथा लगानी र वैद्य आय बचत अर्थात मौज्दात सम्बन्धमा विश्लेषण र मूल्याङ्कन गरी निज प्रतिवादीको सम्पत्तिको वैद्यता परीक्षण तथा अनुसन्धान गरी आय र व्ययको तुलनात्मक विवरण सहित स्पष्ट र किटानी मागदावी लिई निज प्रतिवादीको आय व्ययको प्रवाह विवरण (Cash Flow Chart) उल्लेख भएको आरोपपत्र पेश भएको छ। प्रस्तुत मुद्दामा प्रतिवादी राजेन्द्र ढुंगानाको आय व्ययको मूल्यांकन गर्ने क्रममा निजले जग्गाहरु खरिद गर्दा आधारभूत सम्पत्तिको स्रोत पुष्टि भए/नभएको र वैद्य बचत मौज्दात आयले खामे/नखामेको विषय सोही बखत हेरिने तथा मूल्याङ्कन गरिने विषय हो। अघिल्लो अवधिमा आर्जन गरेको गैरकानुनी सम्पत्तिलाई पछिल्लो अवधिमा आर्जित वैद्य सम्पत्तिले परिपूरण गर्न सकिने तर्क आफैमा तार्किक कानुन संगत र मुद्राको समय मूल्यको दृष्टिले समेत उपयुक्त देखिँदैन। सम्मानित विशेष अदालतले लिएको आधार बमोजिम यो विषयमा प्रतिवादीको आय र व्ययको समग्रतामा हेर्ने हो भने खरिद भएको बखतको आधारभूत सम्पत्तिको स्रोत पुष्टि भए/नभएको र वैद्य बचत मौज्दात आयले खामे/नखामेको विषयले परीक्षणको |

[1] गैरकानूनी सम्पत्ति छानबिन तथा अनुसन्धान कार्यविधि, २०७५ को दफा १० (ङ)(३)

| | | | | | |
|---|---|---|---|---|---|
| | | | लगानी गरेको रकम **रु. ४,६८,४८,५५६।४५ (अक्षरुपी चार करोड अठ्साठी लाख अठ्चालीस हजार पाँच सय छपन्न रुपैयाँ र पैंतालीस पैसा)** बराबरको सम्पत्तिको स्रोत खुलेको नदेखिएबाट उक्त सम्पत्ति गैरकानुनी रुपमा आर्जन गरी अमिल्दो तथा अस्वभाविक उच्च जीवनस्तर यापन गरेको देखिँदा प्रतिवादी राजेन्द्र ढुंगानाले साविक भ्रष्टाचार निवारण ऐन, २०१७ को दफा १५ एवम् प्रचलित भ्रष्टाचार निवारण ऐन, २०५९ को दफा २० को उपदफा (१) बमोजिमको कसूर गरेको पुष्टि भएकोले **बिगो रु. ४,६८,४८,५५६।४५ (अक्षरुपी चार करोड अठ्सठ्ठी लाख अठ्चालीस हजार पाँच सय छपन्न रुपैयाँ र** | २०७७/०८/०४ को पत्रबाट उक्त कार्यालयमा काम गरेको अवधिको तलब, भत्ता र अन्य आयको विवरणबाट प्रतिवादीले जम्मा रु. १४,७०,६४५।५० आय आर्जन गरेको देखिँदा उक्त रकमबाट ३०% जीवन निर्वाह खर्च कटाई बाँकी हुने जम्मा रु. १०,२९,४५२।— रकम नै निजको आयमा कायम हुने देखिएको।<br>**(ग) निजामती सेवाको पारिश्रमिक बचतः**<br>यस शीर्षकमा जाँच अवधिमा आयोगबाट प्रतिवादी राजेन्द्र ढुंगानाको जम्मा रु. १७,६२,८८७।२८ कायम गरिएकोमा प्रतिवादी राजेन्द्र ढुंगानाले उक्त शीर्षकमा त्रिभुवन भन्सार कार्यालयमा कार्यरत रहँदाको तलब रकम फरक परेको समेतका जिकिर प्रतिवादीको रहेको। यस सम्बन्धमा, निज प्रतिवादी उक्त अवधिमा त्रिभुवन विमानस्थल भन्सार कार्यालयमा कार्यरत रहेको देखिँदा सम्मानित विशेष अदालतको आदेश बमोजिम प्राप्त उक्त कार्यालयको च.नं. ४४९ मिति २०७७/०८/१५ को पत्रबाट र आरोपपत्रको "निजामती सेवामा कार्यरत रहँदाको तलब भत्ता" को सि.नं. ८ को आ.व. २०६६/०६७ मा रु. १,२४,३०८।९८ देखाइएकोमा सोभन्दा पछिको आ.व. २०६८/०६९ मा जम्मा रु. ६५,१७०।८४ मात्र देखाइएकोमा हिसाबबाट निजको पारिश्रमिक आयमा रु. ७६,९४३।— फरक परेको देखिएकोले सो रकम थप भई पारिश्रमिक आय जम्मा रु. १८,३९,८३०।२८ कायम हुने देखिएको।<br>**(घ) कमिशनः**<br>यस शीर्षकमा जाँच अवधिमा आयोगबाट प्रतिवादीहरु राजेन्द्र ढुंगाना र मधु कोईराला (ढुंगाना)ले त्रिभुवन विमानस्थल भन्सार कार्यालयबाट कमिशन वापतको रकम जम्मा रु. २,४८,५६६।— आयमा कायम गरिएकोमा प्रतिवादीले उक्त शीर्षकमा रु. ३,४१,९३६।— आयमा कायम गर्नुपर्ने भनी जिकिर लिएको। यस सम्बन्धमा, त्रिभुवन विमानस्थल भन्सार कार्यालयको मिति २०७७/०८/१५ को पत्रबाट कर कट्टा गरी प्रतिवादी राजेन्द्र ढुंगानाले रु. २,४८,५६६।— र प्रतिवादी मधु कोईराला | क्रममा स्थान नै नपाउने हुँदा यो विषयको औचित्य नै समाप्त भई गैरकानुनी रुपमा बढेबढाएको सम्पत्तिले वैधता पाउने र White Collar Crime को रुपमा परिभाषित गैरकानुनी सम्पत्ति आर्जन गरी भ्रष्टाचार गरेको मुद्दा भ्रष्टाचार निवारण ऐन, २०५९ को मकसद विपरीत हुन जाने देखिएको।<br>**(आ)** यसै सन्दर्भमा, सम्मानित सर्वोच्च अदालतबाट *"गैरकानूनी आर्जन गरेको भनी पर्ने भ्रष्टाचारका मुद्दाहरूमा जाँच अवधिमा प्रतिवादीले आर्जन गरेको सम्पत्ति र गरेका खर्चहरूको सो अवधिमा निजलाई कानूनी रूपमा प्राप्त भएका आयहरूबाट स्रोत पुष्टि गर्न सक्नुपर्ने। आधारभूत सम्पत्तिको स्रोत पुष्टि गर्न नसकेको अवस्थामा त्यसबाट बढेबढाएको सम्पत्ति समेत स्वतः गैरकानूनी हुने भई दफा ४७* बमोजिम *जफत हुने स्थिति रहन्छ। त्यसैले बढेबढाएको सम्पत्तिको स्रोत खोज्न वा त्यस्तो सम्पत्तिबाट आधारभूत सम्पत्तिको स्रोत पुष्टि हुने गरी अर्थ गर्न मिल्दैन। बढेबढाएको सम्पत्तिलाई आयको मान्यता दिँदा परिणामतः त्यसले आधारभूत सम्पत्तिकै स्रोत पुष्टि हुनजाने अवस्था सिर्जना हुन आउँछ, जुन कानूनसम्मत हुन नसक्ने।"*[२] भन्ने सिद्धान्त प्रतिपादन भएको देखिन्छ। त्यसैगरी, सम्मानित सर्वोच्च अदालतबाट कुनै पनि व्यक्तिको नाममा रहेको सम्पत्तिबाट बढेबढाएको सम्पत्ति पनि सोही व्यक्तिको आम्दानीको स्रोत बन्न सक्ने नै हुन्छ, तर आधारभूत सम्पत्तिको स्रोत पुष्टि गर्नै पर्ने हुन्छ[३] भनी सिद्धान्त प्रतिपादन भएको देखिन्छ। त्यस्तै, सम्मानित सर्वोच्च अदालतबाट जाँच अवधिमा खरिद गरिएको जग्गा बिक्रीबाट प्राप्त रकमलाई आयको रुपमा मान्यता दिइन्छ भने उक्त जग्गा खरिदको स्रोत पनि पुष्टि गर्नु पर्छ तथा आधारभूत सम्पत्तिको स्रोत पुष्टि भएमा उक्त सम्पत्तिबाट बढेबढाएको सम्पत्ति पनि स्वतः वैध आर्जन हुने र आधारभूत सम्पत्तिको स्रोत पुष्टि गर्न नसकेमा त्यस्तो सम्पत्तिबाट बढेबढाएको सम्पत्ति पनि स्वतः अवैध हुने[४] भनी सिद्धान्त प्रतिपादन भएको।<br>**(इ)** यसरी, खरिद तथा लगानी गरिएको सम्पत्ति बिक्री गरी आर्जन गरेको आय दावी गर्ने व्यक्तिले मूलधन अर्थात खरिद गरिएको सम्पत्तिमा भए गरेको शुरु लगानीको स्रोत पुष्टि गर्नुपर्ने हुन्छ। प्रस्तुत मुद्दामा प्रतिवादी राजेन्द्र ढुंगानाका श्रीमति प्रतिवादी मधु कोईराला (ढुंगाना)को नाममा कायम रहेका जिल्ला काठमाण्डौ, का.म.पा.-१४, कि.नं. ३२४, कि.नं. ३२५ र कि.नं. ३२६ (साबिक एकीकृत कि.नं. ३२३) का जग्गाहरु खरिद भएको बखत आधारभूत सम्पत्तिको स्रोत पुष्टि नभएको र वैध बचत मौज्दात आयले खामेको नदेखिएको अवस्थामा काठमाण्डौ, का.म.पा.-१४, (साबिक एकीकृत कि.नं. ३२३) कि.नं. ३२४, कि.नं. ३२५ र |

[२] *नेपाल सरकार वि,युवराज शर्मा समेत .* मुद्दाः गैरकानुनी सम्पत्ति भ्रष्टाचार ,२०६९ .प.का.ने) अंक ९, नि (८८८६ .नं.

[३] *नेपाल सरकार वि,बद्रीनाथ श्रेष्ठ .* मुद्दाः भ्रष्टाचार ,२०७२ .प.का.ने) अंक ८, नि(९४४९ .नं.

[४] *नेपाल सरकार वि,खुमबहादुर खड्का समेत .* मुद्दाः भ्रष्टाचार ,२०६९ .प.का.ने) अंक ५, नि (८८३२ .नं.

| | | | | | |
|---|---|---|---|---|---|
| | | | **पैंतालीस पैसा)** कायम गरी निजलाई साविक भ्रष्टाचार निवारण ऐन, २०१७ को दफा १५ बमोजिम सोही ऐनको दफा ३ र दफा २९(२) र प्रचलित भ्रष्टाचार निवारण ऐन, २०५९ को दफा २० को उपदफा (२) बमोजिम सजाय हुनका साथै निज राजेन्द्र ढुंगानाले जाँच अवधिमा आर्जन गरेको स्रोत नखुलेको **रु. ४,६८,४८,५५६।४५ (अक्षरुपी चार करोड अठ्सठ्ठी लाख अठ्चालीस हजार पाँच सय छपन्न रुपैयाँ र पैंतालीस पैसा)** बराबरको चल अचल सम्पत्ति र **नपुग बिगो रु. ९१,८०,७४३।१० (अक्षरुपी एकान्नब्बे लाख असी हजार सात सय त्रिचालीस रुपैयाँ र दश पैसा)** समेत साविक भ्रष्टाचार निवारण ऐन, २०१७ को दफा १६ग तथा दफा २९(१) र प्रचलित भ्रष्टाचार निवारण ऐन, २०५९ को दफा ४७ तथा अख्तियार दुरुपयोग | (ढुंगाना)ले रु. ९३,३७०।— गरी जम्मा रु. ३,४१,९३६।— प्राप्त गरेको देखिँदा यस शीर्षकमा जम्मा रु. ३,४१,९३६।— कायम हुने देखिएको।<br>**(ङ) दैनिक भ्रमण भत्ताः**<br>यस शीर्षकमा जाँच अवधिमा आयोगबाट प्रतिवादीले निजको सरकारी सेवाको अवधिभित्र जम्मा रु. ३३,४६०।— आय कायम गरिएकोमा प्रतिवादीले सो वापत जम्मा रु. ५४,९६०।— आयमा कायम हुनुपर्ने जिकिर लिएको। यस सम्बन्धमा, वीरगञ्ज भन्सार कार्यालयको मिति २०७७/०८/१५ को पत्रबाट प्रतिवादीले यस शीर्षकमा रु. २,१५५।— आय आर्जन गरेको देखिएको र निजले विराटनगर भन्सार कार्यालयबाट प्राप्त भत्ता रकम पनि जोड गर्न छुट भएको जिकिर लिएकोमा उक्त कार्यालयको मिति २०७७/०९/२९ को पत्रबाट देखिएका अंक समेत जिड गरी त्यसको ७०% ले हुने जम्मा रु. ५१,३४१।५० प्रतिवादीको आयमा कायम हुने देखिएको।<br>**(च) जग्गा बिक्रीः**<br>• यस शीर्षकमा आयोगबाट प्रतिवादी राजेन्द्र ढुंगानाको जाँच अवधिमा जग्गाहरु बिक्रीबाट जम्मा रु. ३०,१५,५७२।- रकम निज प्रतिवादीको जग्गा बिक्री आयमा गणना गरिएको।<br>• प्रतिवादी राजेन्द्र ढुंगानाले जिल्ला काठमाण्डौ, का.म.पा.-१४, (साबिक एकीकृत कि.नं. ३२३) कि.नं. ३२४, कि.नं. ३२५ र कि.नं. ३२६ का जग्गाहरु बिक्री गरे वापत आयोगबाट कायम गरिएको रु. ५५,५७२।— रकम झुठा भएकोले उक्त जग्गाहरुको राजीनामाको लिखतमा उल्लिखित जम्मा रु. १,६८,४०,०००।— रकमलाई आयमा गणना गर्नु पर्ने जिकिर लिएकोमा सम्मानित विशेष अदालतबाट उक्त कित्ताका जग्गाहरु बिक्री गरेको कुरालाई वादीले स्वीकार गरेकै देखिएको, प्रतिवादीको आय/व्ययलाई समग्रतामा हेर्नुपर्ने हुँदा आरोपदावी त्रुटिपूर्ण देखिँदा रु. १,६८,४०,०००।— नै प्रतिवादीको आयमा गणना हुने देखिएको।<br>• त्यसैगरी, प्रतिवादी राजेन्द्र ढुंगानाले एकासगोलका दाजु गोपिकृष्ण ढुंगाना र भाउजू लिला ढुंगानाको संयुक्त नाममा दर्ता रहेको जिल्ला चितवन, श्रीपुर गा.वि.स. (हाल भरतपुर नगरपालिका) को कि.नं. १९,६२७,२५१,२५२,२५४ र २५५ का जम्मा ३ विगाहा १० कठ्ठा जग्गा र.नं. १६२२१ | कि.नं. ३२६ का जग्गाहरु बिक्री गरे वापत आयोगबाट उक्त जग्गाहरु खरिद गर्दा स्रोत खुलेको ०.३३% ले हुने जम्मा रु. ५५,५७२।– रकमलाई मात्र वैध आय कायम गरिएकोमा सम्मानित विशेष अदालतबाट सो रकम कायम नगरी सम्मानित सर्वोच्च अदालतबाट प्रतिपादित सिद्धान्त तथा मान्यता विपरीत सम्मानित विशेष अदालतबाट प्रतिवादी राजेन्द्र ढुंगानाको आय व्ययलाई समग्रतामा हेर्नुपर्ने भनी उक्त तीन वटै कित्ताका जग्गाहरु बिक्रीबाट जम्मा रु. १,६८,४०,०००।– आयमा कायम हुने गरी भएको फैसला सो हदसम्म त्रुटिपूर्ण रहेको।<br>**(ई)** प्रतिवादी राजेन्द्र ढुंगानाले एकासगोलका दाजु गोपिकृष्ण ढुंगाना र भाउजू लिला ढुंगानाको संयुक्त नाममा दर्ता रहेको जिल्ला चितवन, श्रीपुर गा.वि.स. (हाल भरतपुर नगरपालिका) को कि.नं. १९,६२७,२५१,२५२,२५४ र २५५ का जम्मा ३ विगाहा १० कठ्ठा जग्गा बिक्री भई निज प्रतिवादीको भागमा पर्न आउने रु. १,३९,५८३।३३ आयमा कायम गरेको सम्बन्धमा पुनरावेदक/वादीको जिकिर नरहेको।<br>**(उ)** यस शीर्षकमा आयोगबाट जिल्ला काठमाण्डौ, मातातीर्थ-४क, कि.नं. १०८ क्षे.फ. ०-४-०-० र कि.नं. १०९ क्षे.फ. ०-१-०-० जग्गाहरु मिति २०६१/११/२७ मा प्रतिवादी राजेन्द्र ढुंगानाले राजन सिलवाललाई बिक्री गर्दा प्राप्त रकम रु. १,१०,०००।— र जिल्ला काठमाणडौ, चपली-९ग, कि.नं. २५५६ क्षे.फ. ०-४-०-० र कि.नं. २५५९ क्षे.फ. ०-१-०-० जग्गाहरु मिति २०६५/०३/०४ मा प्रतिवादी राजेन्द्र ढुंगानाले राम प्रसाद पाण्डेलाई बिक्री गर्दा प्राप्त गरेको रकम रु. २८,५०,०००।— गरी जम्मा रु. २९,६०,०००।—प्रतिवादीको आयमा कायम गरिएको विषय विवाद रहित देखिएको।<br>**(ऊ)** प्रस्तुत मुद्दामा मिसिल संलग्न आधार कारण र प्रमाणहरुबाट सम्मानित विशेष अदालतबाट *प्रतिवादी* राजेन्द्र ढुंगानाको गोरखकाली रबर उद्योग लि.को पारिश्रमिक बचत रु. १०,२९,४५२।—; निजामती सेवाको पारिश्रमिक बचत रु. १८,३९,८३०।२८; कमिशन वापत रु. ३,४१,९३६।–; दैनिक भ्रमण भत्ता वापत रु. ५१,३४१।५० र घर बहाल आय रु. २६,०३,७१८।— आयमा कायम गरिएको र गणक पारिश्रमिक बचत शीर्षकमा आय अंक नै गणना नगरिएको सम्बन्धमा अन्यथा पुष्टि हुने अवस्था नदेखिँदा पुनरावेदक/वादीको जिकिर रहेको छैन।<br>**(ऋ)** आयोगले गणना नगरेका तर प्रतिवादीले जिकिर लिएको टिकाटालो/सुन वापतको रकम शीर्षकमा रु. १,५०,०००।— आयमा कायम गरिएकोमा पुनरावेदक/वादीको अन्यथा जिकिर नरहेको।<br><br>**<u>व्ययतर्फः</u>**<br>**(क) जग्गा खरिदः** |

<table>
<tr>
<td></td>
<td></td>
<td></td>
<td>अनुसन्धान आयोग ऐन, २०४८ को दफा २९ख बमोजिम जफत/असुल उपर हुन मागदावी लिइएको।<br>साथै, प्रतिवादी राजेन्द्र ढुंगानाले सार्वजनिक सेवाको पदमा रही आफ्नो पदको दुरुपयोग गरी गैरकानुनी रुपमा आर्जन गरेको स्रोत नखुल्ने सम्पत्ति निज प्रतिवादीकी श्रीमति मधु कोईराला (ढुंगाना) को नाममा राखेको स्रोत नखुलेको सम्पत्ति जफत गर्ने प्रयोजनार्थ मात्र साविक भ्रष्टाचार निवारण ऐन, २०१७ को दफा १६ग; दफा २९(१) र प्रचलित भ्रष्टाचार निवारण ऐन, २०५९ को दफा ४७ तथा अख्तियार दुरुपयोग अनुसन्धान आयोग ऐन, २०४८ को दफा २९ख बमोजिम प्रतिवादी राजेन्द्र ढुंगानाकी श्रीमति मधु कोईराला (ढुंगाना) लाई प्रतिवादी कायम गरी उक्त सम्पत्ति जफत हुन मागदावी लिइएको।</td>
<td>र र.नं. १६२२३ बाट मिति २०५२/०२/३१ मा जम्मा रु. ८,३७,५००।— मा बिक्री गरिएको र त्यसबाट निज प्रतिवादीले पहाडका जग्गा अंशमा नलिने शर्तमा रु. ३,५०,०००।— लिएको कुरा निजको दाजु गोपिकृष्ण ढुंगानाले अदालतमा आई बकपत्र गरी खुलाईदिएकोले सो रकम आयमा गणना हुनुपर्ने समेत भनी जिकिर लिएको। यस सम्बन्धमा, सम्मानित विशेष अदालतले निज प्रतिवादी सगोलमै रहँदा बिक्री भएका उक्त जग्गाबाट निजको जिकिर बमोजिमकै रकम लिएको भन्ने कुरा कुनै लिखत कागजात नदेखिएकोले निजको अंशभागमा पर्ने रकमलाई निजको आयमा कायम गर्नु न्यायोचित देखिई प्रतिवादीहरु ६ अंशियार भएको भन्ने प्रतिवादीकै भनाई र आरोपपत्रलाई आधार मानी उक्त रकम रु. ८,३७,५००।— को ६ भागको १ भाग हुन आउने रकम रु. १,३९,५८३।३३ प्रतिवादीको आयमा गणना गर्नुपर्ने देखिएको।<br>• यसरी, यस शीर्षक अन्तर्गत आरोपपत्रको पृष्ठ ६ को खण्ड "ग. बिक्री गरेको घर र जग्गाको विवरण" को सम्पूर्ण रकम जम्मा रु. १,९८,००,००,०००।— र प्रतिवादीका दाजु र भाउजूको संयुक्त नाममा रही बिक्री भएको जग्गाबाट निजको भागमा पर्न आउने रकम रु. १,३९,५८३।३३ समेत गरी जम्मा रु. १,९९,३९,५८३।३३ प्रतिवादीको आयमा गणना हुने देखिएको।<br>(छ) कृषि आयः<br>यस शीर्षकमा जाँच अवधिमा आयोगबाट प्रतिवादीको जम्मा रु. १,०६,२४१।७६ आय कायम गरिएकोमा प्रतिवादी राजेन्द्र ढुंगानाले पुख्यौंली सम्पत्ति करिब ४० रोपनी जग्गाको १२ देखि १५ रोपनीमा फलफूल, १८ रोपनीमा धान र ५ रोपनीमा मकै लगाएकोले यसबाट २०५१/०५२ देखि २०५८/०५९ सम्म रु. ४,००,०००।— र त्यसपश्चात २०६२/०६३ सम्म रु. २,८०,०००।— गरी जम्मा रु. ६,८०,०००।— आयमा गणना हुनुपर्ने भनी जिकिर लिएको। यस सम्बन्धमा, सम्मानित विशेष अदालतबाट प्रतिवादीको जम्मा पैतृक सम्पत्ति कति थियो र त्यसबाट वार्षिक रुपमा के कति अन्नपात फल्यो, त्यसको बजार मूल्य अनुसार वार्षिक आम्दानी के कति भयो भन्ने कुरा तथ्यगत रुपमा उल्लेख गर्न र त्यसलाई पुष्टि गर्ने आधिकारिक स्रोत पेश</td>
<td>(अ) यस शीर्षकमा आयोगबाट प्रतिवादी राजेन्द्र ढुंगानाको निम्न बमोजिम जाँच अवधिमा निम्न बमोजिमका जग्गाहरु खरिद गर्दा जम्मा रु. ४,१६,९६,२५०।— रकम निज प्रतिवादीको व्ययमा गणना गरिएको छः
<table>
<tr><th>क्र.सं.</th><th>जाँच अवधि</th><th>जग्गाको विवरण</th><th>खरिद मूल्य (रु.)</th></tr>
<tr><td rowspan="3">१.</td><td rowspan="3">मिति २०४९/०४/१९ देखि मिति २०५३/०३/३१ सम्म</td><td>जिल्ला काठमाडौं, धापासी-९ख, कि.नं. १४१२ हा.सा. भई कायम कि.नं. ५१ क्षे.फ. ०-६-२-० जग्गा मिति २०५२/०३/२१ मा शकुन्तला गुरूङ्गबाट प्रतिवादी राजेन्द्र ढुंगानाको नाममा खरिद गरिएको</td><td>६१,०००</td></tr>
<tr><td>जिल्ला काठमाडौं, मातातीर्थ-४क, कि.नं. १०८ क्षे.फ. ०-४-०-० जग्गा मिति २०५२/०५/१३ मा भाइकाजी डंगोलबाट प्रतिवादी राजेन्द्र ढुंगानाको नाममा खरिद गरिएको</td><td>२,०००</td></tr>
<tr><td>जिल्ला काठमाडौं, मातातीर्थ-४क, कि.नं. १०९ क्षे.फ. ०-१-०-० जग्गा मिति २०५२/०५/१३ मा भाइकाजी डंगोलबाट प्रतिवादी राजेन्द्र ढुंगानाको नाममा खरिद गरिएको</td><td>२,०००</td></tr>
<tr><td>२.</td><td>मिति २०५३/०४/०१ देखि मिति २०६५/०२/३२ सम्म</td><td>जिल्ला काठमाडौं, गोंगबु-३ख, कि.नं. २६२ क्षे.फ. ०-१२-०-० जग्गा मिति २०६४/१२/२० मा ओम बहादुर थापाबाट प्रतिवादी मधु कोईराला (ढुंगाना) को नाममा खरिद गरिएको</td><td>२८,३०,०००</td></tr>
<tr><td>३.</td><td>मिति २०६५/०४/०१ देखि मिति २०६६/०३/</td><td>जिल्ला काठमाडौं, नगर-१४, कि.नं. १५३ क्षे.फ. ६२.२५ व.मि., कि.नं. ५६ क्षे.फ. २०५.२२ व.मि., कि.नं. ५७ क्षे.फ. ६३.५८</td><td>४६,००,०००</td></tr>
</table>
</td>
</tr>
</table>

| | | | | | |
|---|---|---|---|---|---|
| | | | | गर्न सकेको नदेखिएकोले अनुमानित रुपमा जिकिर लिएको र सो जिकिरको आधार समेत उल्लेख गर्न नसकेको अवस्था देखिँदा आरोपपत्रमा उल्लिखित रकम नै प्रतिवादीको आयमा गणना हुने देखिएको।<br>**(ज) घर बहाल आयः**<br>यस शीर्षकमा जाँच अवधिमा आयोगबाट प्रतिवादीको जम्मा रु. १०,२६,०००।— आय कायम गरिएकोमा प्रतिवादी राजेन्द्र ढुंगानाले जिल्ला काठमाण्डौ, का.म.न.पा., धापासी ९ख, कि.नं. ५१ को जग्गामा बनेको घर २०५३ साल श्रावण देखि २०७६ साल असारसम्म २३ वर्ष भाडामा लगाउँदा रु. २८,९३,०२०।— आर्जन गरेको रकम आयमा गणना हुनुपर्ने भनी जिकिर लिएको। यस सम्बन्धमा, सम्मानित विशेष अदालतले आरोपपत्रमा प्रतिवादीले आ.व. २०६६/०६७ देखि घर बहाल कर तिरेको र सो आधारमा घर र जग्गाको भाडा वापत जम्मा रु. २१,७२,८७०।— को बहाल कर रु. २,२५,४३०।— तिरेको भनी उल्लेख भएको तर बहाल वापतको आय रकम सबै आयमा नजोडी रकम घटाएर निजको आयमा राखिएको र रकम घटाउनुको कुनै कारण पनि उल्लेख नभएको देखिएको र प्रतिवादीले आ.व. २०६६/०६७ अघि देखि नै घर बहाल लगाएर आय आर्जन गरेको भए पनि बहाल कर तिर्नै पर्ने प्रचलन नभएको हुँदा सो समय अघिको घर बहाल कर नतिरेको, कर नतिर्दैमा बहाल वापतको आय नजोड्न नमिल्ने भनी जिकिर लिएकोमा प्रतिवादीको घरमा भाडामा बस्ने कृष्णबहादुर नगरकोटीले निजको साक्षीको रुपमा अदालत समक्ष उपस्थित भई प्रतिवादीको जिकिर समर्थन हुने गरी बकपत्र गरेको देखिएको, प्रतिवादीले २०५२ साल पछाडि ५ कोठा मध्ये केही कोठा भाडामा लगाउन सक्ने र २०६३ सालपछि अरु तला थप गरी ४ तलाको घरमा केही तला आफूले प्रयोग गरी केही तला भडामा लगाउन सक्ने कुरा स्वभाविक र व्यवहारिक हुने देखिँदा रु. २८,९३,०२०।— नै प्रतिवादीको घर बहाल वापतको आय मानी त्यसबाट १०% कर कट्टी गरी हुन आउने रकम रु. २६,०३,७१८।— निजको घर बहाल आय कायम हुने देखिएको।<br>**(झ) जग्गाको बहाल आयः**<br>यस शीर्षकमा जाँच अवधिमा आयोगबाट प्रतिवादीको जम्मा रु. १,००,०७९।— आय कायम गरिएकोमा प्रतिवादी राजेन्द्र | (see table below) |

| | | | |
|---|---|---|---|
| | ३१ सम्म | व.मि., कि.नं. ७९ क्षे.फ. ७.९४ व.मि., कि.नं. १३९ क्षे.फ. ६३.५४ व.मि., कि.नं. १४२ क्षे.फ. १३.७४ व.मि., कि.नं. १५७ क्षे.फ. ८२.४९ व.मि., कि.नं. १४८ क्षे.फ. १७.५७ व.मि. र कि.नं. १५९ क्षे.फ. १९.७२ व.मि. जग्गाहरू (विभिन्न ९ कित्ता जग्गाहरु एकीकरण भई हाल कायम रहेको कि.नं. ३२३) मिति २०६५/७/१८ मा दिपक प्रसाद भेटवाल र भिष्मराज थपालियाबाट प्रतिवादी मधु कोईराला (ढुंगाना) को नाममा खरिद गरिएको | |
| ४. | मिति २०७३/१०/०१ देखि मिति २०७४/०३/३१ सम्म | जिल्ला काठमाडौं, चण्डेश्वरी २ग, कि.नं. ५९४ क्षे.फ. १-१०-१-० जग्गा मिति २०७३/१०/०६ मा सन्त डंगोलसमेत ४ जनाबाट प्रतिवादी मधु कोईराला (ढुंगाना) को नाममा खरिद गरिएको | १,९०,३१,२५० |
| | | जिल्ला कास्की, पोखरा-७ कि.नं. २२१ क्षे.फ. १६६.०० व.मि. र कि.नं. २३० क्षे.फ. १५९.२० व.मि. जग्गाहरू मिति २०७४/०२/१७ मा सिता कुमारी पौडेलबाट प्रतिवादी मधु कोईराला (ढुंगाना) को नाममा खरिद गरिएको | १,३३,००,००० |
| ५. | मिति २०७४/०४/०१ देखि मिति २०७४/०९/३० सम्म | जिल्ला चितवन, भरतपुर-६ग, कि.नं. ३३४ क्षे.फ. ०-१-२ जग्गा मिति २०७४/०९/१७ ना साबित्री ढुङ्गानाबाट प्रतिवादी मधु कोईराला (ढुंगाना) को नाममा खरिद गरिएको | १८,७०,००० |

ढुंगानाले निजको नाममा दर्ता रहेको जिल्ला काठमाण्डौ, का.म.न.पा., गोंगबु-३ख, कि.नं. २६२ को क्षेत्रफल ०-१२-०-० जग्गा २०६६ देखि २०७६ सम्म बहालमा लगाई जम्मा रु. ७,४६,६५०।— आय आर्जन गरेको भनी जिकिर लिएको। यस सम्बन्धमा, सम्मानित विशेष अदालतबाट आरोपपत्रमा उल्लेख भएको भन्दा अतिरिक्त रकम जग्गा बहाल वापत आएको भन्ने कुनै तर्क संगत जिकिर लिन र त्यसलाई प्रमाणबाट पुष्टि गर्न सकेको नदेखिँदा आरोपपत्रमा कायम गरिएको अंकलाई नै यस शीर्षकमा आय रकम मान्नु पर्ने देखिएको।

(ञ) प्रतिवादी राजेन्द्र ढुंगानाको जाँच अवधिको समग्र आय सम्बन्धमा आयोगबाट निज प्रतिवादीको भत्ता वापत रु. ५,२०,६१२।०६; प्रोत्साहन भत्ता वापत रु. ८,३८,६७०।०८; विदेश भ्रमण वापत रु. ३,०६,८२३।३० र पुरस्कार वापत रु. ४,०००।— कायम भएकोमा प्रतिवादीको मुख मिलेकै देखिँदा त्यसमा थप विवेचना गर्नुपर्ने नदेखिएको।

(ट) **आयोगले गणना नगरेको तर प्रतिवादीले जिकिर लिएको टिकाटालो/सुन वापतको रकम शीर्षकको सम्बन्धमाः**

आरोपपत्रको पृष्ठ ८ मा "छ. सुन चाँदी/जवाहरात" प्रकरणमा प्रतिवादी राजेन्द्र ढुंगानाले जिकिर लिएको सुन, चाँदीको विवरण र त्यसको जम्मा मूल्य उल्लेख गरिएको छ। तर त्यसको नोटमा "निज राजेन्द्र ढुङ्गानाले पैत्रिक/दाईजो वापत प्राप्त गरेको सुन मध्ये २५ तोला सुन मिति २०६४/११/१०,१२ र १५ गते बिक्री गरेको भनी बिल समेत पेश गरेको देखिएता पनि निजले अंशवण्डाबाट सुन प्राप्त गरेको नदेखिएको र सामाजिक सुधार व्यवहार ऐन, २०३३ को दफा ५ को उपदफा २ बमोजिम "विवाह हुँदा जिउमा लगाएको एकसरो गहना बाहेक आफनो कुल परम्परा अनुसार राजीखुशीले दिनेले पनि बढीमा दश हजार रुपैयाँसम्मको मात्र दाइजो दिन हुन्छ" भन्ने व्यवस्था रहेको साथै, निजले आयोग समक्ष मिति २०७६/०६/२६ मा पेश गरेको सम्पत्ति विवरणमा समेत अझै करिब १५-२० तोला सुन रहेको र उक्त सुन समेत दाइजो पेवा र खरिद भनी उल्लेख गरेको तर सुन खरिदको कुनै पनि बिल पेश गरेको नदेखिँदा र दाइजोबाट ४५ तोला सुनका गहना प्राप्त हुने कुरा

| | |
|---|---|
| **जम्मा** | **४,१६,९६,२५०** |

**(आ)** कि.नं. ५१, कि.नं. १०८ र कि.नं. १०९ का जग्गाहरुको हकमा, लिखतमा उल्लिखित अंकलाई नै आधार मानेर खरिद मूल्य कायम गरिएको र त्यसमा प्रतिवादी राजेन्द्र ढुंगानाको अन्यथा जिकिर नभई मुख मिलेकै अवस्था देखिन्छ। त्यस्तै, सम्मानित विशेष अदालतबाट कि.नं. ३३४ को जग्गा प्रतिवादी राजेन्द्र ढुंगानाले बकसपत्र मार्फत प्राप्त गरेकोले जग्गाको मूल्य रु. १८,७०,०००।— निजको व्ययमा गणना नगरिएको सम्बन्धमा पुनरावेदक/वादीको अन्यथा जिकिर रहेको छैन।

**(इ) कि.नं. २६२ को जग्गाको हकमा,** उक्त जग्गा ओम बहादुर थापाबाट मधु कोइराला (ढुङ्गाना) को नाममा मिति २०६४/१२/२० मा खरिद भएको र रजिष्ट्रेशन लिखतमा रू. १२,००,०००।- उल्लेख भएकोमा उक्त जग्गा खरिद गर्दा भुक्तानी भएको वास्तविक रकम तर्फ अनुसन्धान गर्दा जग्गा बिक्रेता ओम बहादुर थापाको निधन भईसकेकोले जग्गा बिक्रीको लिखतमा निजको छोरा गंगा बहादुर थापा साक्षी बसेको देखिएको र निजले उक्त जग्गा रू. २८,३०,०००।- बिक्री गरेको, सो रकम मेरो बुवाको नाममा रहेको आइएमइ फाईनान्सियल इन्स्टिच्युसन लिमिटेडको खातामा जम्मा गरेको हो भनी खुलाई दिनुका साथै ओम बहादुर थापाको नाममा रहेको आइएमइ फाईनान्सियल इन्स्टिच्युसन लिमिटेडको ००१००००६१६०३ नं. को खातामा जग्गा बिक्री गरेकै मिति २०६४/१२/२० मा गंगा बहादुर थापाको नामबाट रू. २८,३०,०००।- जम्मा गरेको स्टेटमेण्टबाट देखिंदा सो जग्गा रू. २८,३०,०००।- मा खरिद गरेको तथ्य प्रमाण सहित पुष्टि भएको।

**(ई) विभिन्न ९ कित्ता जग्गाहरु एकीकरण भई हाल कायम रहेको कि.नं. ३२३ को जग्गाको** हकमा, उक्त जग्गाहरू मिति २०६५/०७/१८ मा दिपक प्रसाद भेटवाल र भिष्मराज थपालियाबाट मधु कोइराला (ढुङ्गाना)को नाममा खरिद गरेको देखिएको र सो जग्गा खरिदको राजीनामा लिखतमा रू. १९,००,०००।- उल्लेख भएकोमा सो जग्गा रू. ४६,००,०००।- मा मधु कोइरालालाई बिक्री गरेको हो, मेरो भागमा रु. २३ लाख परेकोमा उक्त रकम मध्ये केही रकम घरब्यवहार चलाई खर्च गरें, बाँकी रकम कुन बैंकको खातामा जम्मा गरें, अहिले याद भएन भनी भिष्मराज थपलियाले खुलाई लेखाई दिएको र मेरो भागमा रु. २३ लाख परेकोमा उक्त रकम कुमारी बैंकमा रहेको मेरो नामको ०१२२५२४०२२३५००१३९ नं को खातामा जम्मा गरेको थिएँ भनी दिपक प्रसाद भेटवालले खुलाई लेखाई दिनुका साथ निजको नाममा रहेको कुमारी बैंकको स्टेटमेण्टमा समेत Cash Deposit Self Land Sold भनी मिति २०६५/०७/२१ मा रू. २३,००,०००।- जम्मा गरेको देखिंदा सो जग्गा रू. ४६,००,०००।- मा खरिद गरेको तथ्य प्रमाण सहित पुष्टि भएको।

**(उ) कि.नं. ५९४ को जग्गाको हकमा,** पूर्ण डंगोल, सुरज डंगोल, सुनिल डंगोल, रमेश डंगोल र प्रदिप पौडेल समेतका व्यक्तिहरूको कागज तथा बैंक स्टेटमेण्ट र चेक,

| | | | | | |
|---|---|---|---|---|---|
| | | | | स्वभाविक नदेखिँदा निजले माथि पेश गरेको २५ तोला सुन बिक्रीबाट प्राप्त गरेको भनी दाबी गरेको रकमलाई आयमा गणना गर्न मनासिव देखिएन।" भन्ने आधारमा त्यसलाई गणना नगरिएको। यस सम्बन्धमा, सम्मानित विशेष अदालतबाट हाम्रो सामाजिक व्यवहार, प्रचलन र अभ्यासलाई विचार गरी यस्तै प्रकृतिका मुद्दाहरुमा यस शीर्षक अन्तर्गत पनि आय हुने कुरालाई स्वीकार गरी कतिपय अवस्थामा आरोपपत्रमा नै आय कायम गर्ने गरेको देखिएकोले र सम्मानित सर्वोच्च अदालतबाट पनि छोरी चेलीको विवाहमा टिकाटालो गरी दक्षिणा लगायतका नगद तथा सुन चाँदी दाइजो दिने प्रचलन भएको हुँदा त्यसलाई आयमा कायम गरिएकोले यस शीर्षकमा जम्मा रु. १,५०,०००।— निजले आय गरेको कुरा न्यायिक अनुमान गरी कायम गर्नु उचित देखिएको।<br>**<u>व्ययतर्फः</u>**<br>**(क) घर निर्माणः**<br>▪ यस शीर्षकमा जाँच अवधिमा आयोगबाट प्रतिवादी राजेन्द्र ढुंगानाको नाममा रहेको जिल्ला काठमाण्डौ, धापासी- ९ख स्थित कि.नं. ५१ (साबिक कि.नं. १४१२) को जग्गामा २०५२/०५३ मा भुँई तलाको निर्माण खर्च रु. ५,४३,०२३।९४; २०६३/०६४/०६५ मा पहिलो/दोस्रो/तेस्रो तलाहरुको निर्माण खर्च रु. १९,०९,५३९।३४; इन्टेरियर डिजाइन, फर्निचर/फर्निशिङ्ग वापत रु. ५,०४,१५०।— र इलेक्ट्रिकल/इलेक्ट्रोनिक्स वापत रु. ५,०९,८००।— गरी जम्मा रु. ३४,६६,५१३।२८ कायम गरिएको।<br>▪ प्रतिवादी राजेन्द्र ढुंगानाले उक्त घरको भुँई तला र पहिलो तला २०५२ सालमा नै निर्माण भएको तथा सो कुरा आयोगमा पेश गरेको सम्पत्ति विवरणमा पनि उल्लेख भएको र तत्कालीन धापासी गा.वि.स.को पत्र र घर बहाल बस्ने कृष्णबहादुर नगरकोटीको बकपत्र समेतका प्रमाणहरुबाट सो कुरा पुष्टि भएको भनी जिकिर लिएको। यस सम्बन्धमा, सम्मानित विशेष | टोखा जनहित बचत तथा ऋण सहकारी संस्थाको पत्र र जग्गा बिक्रेताहरूको सो सहकारीको खाताको विवरण समेतबाट सो जग्गा रू. १,९०,३१,२५०।- मा खरिद गरेको तथ्य प्रमाण सहित पुष्टि भएको।<br>**(ऊ)** **कि.नं. २२१ र कि.नं. २३० का जग्गाहरुको हकमा,** दुर्गा नारायण पौडेल, सिता कुमारी पौडेल समेतका व्यक्तिहरु, इच्छापत्र, बैंकका स्टेटमेन्ट तथा चेकहरु समेतबाट सो जग्गाहरु रु. १,३३,००,०००।— मा खरिद गरेको तथ्य प्रमाण सहित पुष्टि भएको।<br>**(ऋ)** मिसिल संलग्न रहेका माथि उल्लिखित जग्गाहरुको कारोबारसँग सम्बन्धित विभिन्न बैंक तथा वित्तीय संस्थाहरुका चेक, स्टेटमेन्ट तथा पत्रहरु; जग्गा बिक्रेताहरुको कागज समेतका आधारमा कि.नं. २६२ को जग्गा रु. २८,३०,०००।—; कि.नं. ३२३ को जग्गा रु. २३,००,०००।-; कि.नं. ५९४ को जग्गा रु. १,३०,००,०००।— र कि.नं. २२१ र कि.नं. २३० का जग्गाहरु रु. १,१६,२२,०००।— गरी जम्मा रु. २,९७,५२,०००।— मा नै खरिद भएको पुष्टि भएको।<br>**(ऌ)** यस सम्बन्धमा सम्मानित सर्वोच्च अदालतबाट *"...सम्पत्ति आर्जन गर्दाको अवस्थामा* लागेको *लागत मूल्य कति हो भन्ने यकिन गर्दा सर्वप्रथम लिखतमा जनिएको वा उल्लेख भएको मूल्यलाई आधिकारिक मूल्य मान्नु पर्ने हुन्छ। किनकि प्रमाण कानूनले **अन्यथा प्रमाणित नभएसम्म** लिखत प्रमाणलाई सर्वोत्तम प्रमाणको रूपमा मान्दछ..."*[५] भन्ने सिद्धान्त प्रतिपादन भएको। त्यसैगरी, सम्मानित सर्वोच्च अदालतबाट *"अचल सम्पत्तिको हक प्राप्त गर्ने प्राथमिक र विश्वसनीय आधारभूत प्रमाण आधिकारिक निकाय मालपोत कार्यालयबाट पारित रजिस्ट्रेसनको लिखत हो। सो लिखतमा लेखिएको व्यहोरा **अन्यथा नभएसम्म** मान्नु पर्ने हुने।"*[६] भन्ने सिद्धान्त प्रतिपादन भएको।<br>**(ऍ)** यसरी, विभिन्न बैंक तथा वित्तीय संस्थाहरुका चेक, स्टेटमेन्ट तथा पत्रहरु; जग्गा बिक्रेताहरुको मौकाको कागज समेतका आधारमा प्रतिवादीहरुले जग्गा बिक्रीकर्ताहरुसँग अन्य कुनै आर्थिक कारोबार भएको/गरेको तथ्य पुष्टि गर्ने तथ्ययुक्त तथा वस्तुपरक आधार प्रमाण पेश गरेको नदेखिएकोले उक्त जग्गा बिक्रीकर्ताहरुले अदालतमा उपस्थित भई गरिदिएको बकपत्र विश्वसनीय नदेखिएकोले निजहरुको बकपत्र प्रमाणको रुपमा ग्राह्य हुने अवस्था देखिँदैन। सम्मानित विशेष अदालतबाट उक्त जग्गाहरुको लिखतमा अङ्कित मूल्य अन्यथा प्रमाणित भएको अवस्था देखिँदा देखिँदै विवादित लिखतमा अङ्कित मूल्यलाई नै आधार मानी यस शीर्षकमा प्रतिवादीको व्यय रकम कायम गरी भएको फैसला सो हदसम्म त्रुटिपूर्ण |

[५] *नेपाल सरकार वि ,महेन्द्र गौतम समेत* .मुद्दाः गैरकानूनी रुपमा सम्पत्ति आर्जन गरी भ्रष्टाचार गरेको,२०७४ .प.का.ने) अंक १, नि(९७५१ .नं.

[६] *नेपाल सरकार वि .ईश्वरप्रसाद पोखरेल समेत* ,मुद्दाः गैरकानूनी रुपमा सम्पत्ति आर्जन गरी भ्रष्टाचार गरेको २०७ .प.का.ने)२, अंक ९, नि९ .नं.४६१ (

| | | | | | |
|---|---|---|---|---|---|
| | | | | अदालतबाट उक्त कि.नं. ५१ को घर नगरपालिका गठन हुनुभन्दा अघि नै निर्माण भएको हुँदा सो भवनको अभिलेख नगरपालिकामा नरहेको भनी उल्लेख भएको टोखा नगरपालिकाको च.नं. ३४२० मिति २०७९/०१/०२ को पत्र र प्रतिवादीका साक्षी उक्त घर बहालमा बस्ने कृष्णबहादुर नगरकोटीको बकपत्र समेतबाट प्रतिवादीको जिकिर बमोजिम पहिलो तला पनि २०५२ सालमा निर्माण भएको देखिएकोले आरोपपत्रमा उक्त उक्त पहिलो तलाको निर्माण खर्च रु. ५,४६,६८८।४२ (पहिलो तलाको क्षेत्रफल ८८३.१८ व.मि. × तत्कालीन प्रति वर्ग मिटर दररेट रु. ६१९) कायम हुने भई आयोगले कायम गरेको पहिलो तलाको निर्माण खर्च रु. ८,४७,८५२।८० र अदालतले कायम गरेको उक्त पहिलो तलाको निर्माण खर्च रु. ५,४६,६८८।४२ बिचको अन्तर रकम रु. ३,०१,१६४।३८ हुने देखिएको।<br>▪ यसरी, आयोगले उक्त घरको २०५२/०५३ मा भुँई तलाको निर्माण खर्च रु. ५,४३,०२३।९४ र २०६३/०६४/०६५ मा पहिलो/दोस्रो/तेस्रो तलाहरुको निर्माण खर्च रु. १९,०९,५३९।३४ गरी कायम गरिएको घर निर्माण खर्च जम्मा रु. २४,५२,५६३।२८ रकमबाट अन्तर रकम रु. ३,०१,१६४।३८ घटाउँदा हुन आउने रकम रु. २१,५१,३९८।९१ घर निर्माणको व्यय रहेको देखिन्छ। निर्माण गरिएको उक्त घर व्यक्तिले निर्माण गरेकोले Overhead Cost १५% र ठेक्का कर ५% गरी जम्मा २०% खर्च घटाउँदा कायम हुने घर निर्माण खर्च रकम रु. १७,२१,११५।८२; इन्टेरियर डिजाइन, फर्निचर/फर्निशिङ्ग वापत रु. ५,०४,१५०।– र इलेक्ट्रिकल/इलेक्ट्रोनिक्स वापत रु. ५,०९,८००।– गरी जम्मा रु. २७,३५,०७९।९१ प्रतिवादीको यस शीर्षकमा व्यय कायम हुने देखिएको।<br>**(ख) जग्गा खरिदः**<br>▪ यस शीर्षकमा आयोगबाट प्रतिवादी राजेन्द्र ढुंगानाको जाँच अवधिमा आरोपपत्रको पृष्ठ नं. ६ मा “ख. स्वआर्जित जग्गाको विवरण” बमोजिमका जग्गाहरु खरिद गर्दा जम्मा रु. ४,१६,९६,२५०।— रकम निज प्रतिवादीको व्ययमा गणना गरिएको छ।<br>▪ सम्मानित विशेष अदालतबाट कि.नं. ५१, कि.नं. १०८ र | नरहेको।<br>**(ऐ)** प्रस्तुत मुद्दामा मिसिल संलग्न आधार कारण र प्रमाणहरुबाट सम्मानित विशेष अदालतबाट प्रतिवादी राजेन्द्र ढुंगानाको घर निर्माण वापत रु. २७,३५,०७९।९१ व्ययमा कायम गरिएको सम्बन्धमा अन्यथा पुष्टि हुने अवस्था नदेखिँदा वादीको जिकिर नरहेको।<br><br>अतः माथि विवेचित आधार, कारण र मिसिल संलग्न प्रमाणहरुबाट प्रतिवादी राजेन्द्र ढुंगानाको जाँच अवधिको समग्र व्यय जम्मा **रु. ४,२१,९२,६६८।१६ (अक्षरुपी चार करोड एकाइस लाख बयान्नब्बे हजार छ सय अढसाठी रुपैयाँ र सोह्र पैसा)** र जाँच अवधिको समग्र वैधानिक आय **रु. १,०५,९२,२८७।३१ (अक्षरुपी एक करोड पाँच लाख बयान्नब्बे हजार दुई सय सतासी रुपैयाँ र एकतीस पैसा)** देखिएकोले निज प्रतिवादीले **रु. ३,१६,००,३८०।८५ (अक्षरुपी तीन करोड सोह्र लाख तीन सय असी रुपैयाँ र पचासी पैसा)** बराबरको रकमको स्रोत पुष्टि गर्न सकेको नदेखिँदा कूल जम्मा बिगो **रु. ३,१६,००,३८०।८५ (अक्षरुपी तीन करोड सोह्र लाख तीन सय असी रुपैयाँ र पचासी पैसा)** बराबरको सम्पत्ति गैरकानुनी रुपमा आर्जन गरेको पुष्टि भएको। सम्मानित विशेष अदालतबाट प्रतिवादीहरुले आरोपित कसुरबाट सफाई पाउने ठहर गरी भएको फैसला त्रुटिपूर्ण रहेकोले उक्त त्रुटिपूर्ण फैसला बदर गरी प्रस्तुत पुनरावेदन जिकिर बमोजिम प्रतिवादी राजेन्द्र ढुंगानाले गैरकानुनी रुपमा सम्पत्ति आर्जन गरेको र अर्का प्रतिवादी मधु कोईराला (ढुंगाना)ले उक्त गैरकानुनी रुपमा आर्जन गरेको सम्पत्ति आफ्नो नाममा राखेको ठहर गरी आयोगको मागदावी तथा पुनरावेदन जिकिर बमोजिम सजाय गरी सम्पत्ति जफत गरी पाउँ। |

| | | | | | |
|---|---|---|---|---|---|
| | | | | कि.नं. १०९ का जग्गाहरुको लिखतमा उल्लिखित अंकलाई नै आधार मानेर खरिद मूल्य कायम गरिएको र त्यसमा प्रतिवादी राजेन्द्र ढुंगानाको अन्यथा जिकिर नभई मुख मिलेकै अवस्था देखिँदा थप विवेचना गर्नु पर्ने नदेखिएको।<br>▪ सम्मानित विशेष अदालतबाट कि.नं. २६२; कि.नं. ३२३; कि.नं. ५९४; कि.नं. २२१ र २३० तथा कि.नं. ३३४ का जग्गाहरुको हकमा उल्लिखित जग्गाहरु किनबेच गर्दा भएका लिखतमा लेखिएको रकम भन्दा बढी रकम लिएको भनी कोही बिक्रेताहरुले अदालत समक्ष बकपत्र गरेको नदेखिएको; कि.नं. २२१ र २३० का जग्गाहरु बाहेक, अन्य कुनै कित्ताका जग्गाहरुका जग्गाधनीहरुका खातामा/नाममा क्रेताको खाताबाट रकम गएको पनि नदेखिएको र कि.नं. २२१ र २३० का जग्गाहरुमा पनि वादीले दावी लिए बमोजिमको रकम गएको नदेखिएको हुँदा लिखतमा लेखिएको मूल्य भन्दा अन्यथा मूल्य लिएर किनबेच भएको भन्ने कुरा वादीले प्रमाणबाट पुष्टि गर्न सकेको नदेखिई अदालती अभ्यासको आधारमा पनि लिखत मूल्यलाई नै क्रय बिक्रय मूल्य मान्नु पर्ने हुँदा प्रतिवादीहरुको नाममा दर्ता रहेका उल्लिखित जग्गाहरुको लिखतमा लेखिएको मूल्य नै खरिद मूल्य कायम हुने भई यस शीर्षकमा जम्मा रु. ९८,९३,०००।— कायम हुने देखिएको।<br>**(ग)** प्रतिवादी राजेन्द्र ढुंगानाको जाँच अवधिको समग्र व्यय सम्बन्धमा आयोगबाट घर प्रमाणित वापत रु. ५२०।—; रजिष्ट्रेशन दस्तुर वापत रु. ३,७२,५१३।—; पूँजीगत लाभकर रु. ३,७३,५००।—; अध्ययन खर्च रु. ७६,०९,८११।९०; विदेश भ्रमण खर्च रु. १,००,०००।-; बीमा प्रिमियम रु. ४,०२,४८०।—; शेयर खरिद वापत रु. २०,७००।—; सवारी खरिद रु. १,१०,०००।—; सवारी नविकरण रु. ४,५००।—; बैंक मौज्दात रु. ६,३६,५६३।३५ र नगद मौज्दात रु. १०,०००।— कायम गरिएकोमा प्रतिवादीले चित्त बुझाई अन्यथा जिकिर नरहेको देखिँदा मुख मिलेकै कारण थप विवेचना हुनुपर्ने नदेखिएको। | |